



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

**देशको आर्थिक सामाजिक विकासमा ६० वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.**

**वर्ष ३३ अंक ०२ | भदौ २०८२ | Year 33 Vol 02 | Aug./Sept. 2025**


## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल टेलिकमबीच सम्झौता

**काठमाडौं, ५ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल दुरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)बीच निबृत्तिभरण खाता, तलबी बचत खाता तथा पेशाकर्मी सरल कर्जा सञ्चालन सम्बन्धी सम्झौता-पत्रमा हस्ताक्षर भएको छ।



नेपाल टेलिकमको प्रधान कार्यालयमा आयोजित एक कार्यक्रमकाबीच उक्त सम्झौता-पत्रमा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक श्री सविना मास्के प्रधान र राष्ट्रिय वाणिज्य बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री देवेन्द्र रमण खनालले हस्ताक्षर गर्नु भएको हो। सम्झौता-पत्रमा उल्लेख भए अनुसार राष्ट्रिय वाणिज्य बैंकले नेपाल टेलिकमका निबृत्त कर्मचारीहरूका लागी पेन्सन खाता सञ्चालन गर्नुका साथै कार्यरत कर्मचारीहरूका लागि तलबी बचत खाता तथा पेशाकर्मी सरल कर्जा र अन्य सेवासुविधा उपलब्ध गराउनेछ। ■

## राष्ट्रिय वाणिज्य बैंकद्वारा चाडपर्व लक्षित अफर सार्वजनिक

**काठमाडौं, ८ भदौ**

राष्ट्रिय वाणिज्य बैंकले दशैं, तिहार, छठ लगायतका चाडपर्वहरूलाई लक्षित गरी विभिन्न किसिमका कर्जामा अफर सार्वजनिक गरेको छ। बैंकले एक विज्ञप्ती जारी गर्दै २० वर्ष अवधिका लागि ६ दशमलव ३० प्रतिशत ब्याजदरमा ५ करोडसम्म घर कर्जा प्रदान गर्न सकिने उल्लेख गरेको छ।

यसैगरी, विद्युतीय सवारी साधन खरिद गर्न चाहने ग्राहकहरूका लागि सात वर्ष अवधिको ६ दशमलव १० प्रतिशत ब्याजदरमा एक करोडसम्मको कर्जा उपलब्ध गराउने बैंकले जनाएको छ। बैंकले इन्धन प्रयोग हुने सवारी साधन खरिद गर्न चाहने ग्राहकका लागि ६ दशमलव ८० प्रतिशत ब्याजदरमा ७ वर्षसम्मका लागि एक करोडसम्म कर्जा प्रवाह गर्न सकिने विज्ञप्तिमा उल्लेख गरेको छ।

चाडपर्वको समयमा सवारी साधन तथा घर खरिद गर्नेहरूको सङ्ख्या अधिक रहने भएका कारण सेवाग्राहीलाई सहज होस् भन्ने उद्देश्यका साथ चाडपर्व विशेष कर्जा अफर ल्याईएको बैंकका सूचना अधिकारी पवन रेग्मीले बताउनु भयो। ■




# प्रमुख कार्यकारी अधिकृतको सन्देश



**देवेन्द्र रमण खनाल**
**प्रमुख कार्यकारी अधिकृत**

सम्पूर्ण कर्मचारी मित्रहरू, ग्राहक वर्ग एवं सरोकारवालाहरूमा हार्दिक नमस्कार, सर्वप्रथम त हामी यहि भदौ २३ र २४ गतेको Gen Z आन्दोलनका क्रममा ज्यान गुमाई सहिद हुनुभएका Gen Z भाइबहिनीहरू, प्रहरीहरू लगायत अन्य मृतकहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । उक्त आन्दोलनका कारण मुलुकले ठूलो जनधनको क्षति व्यहोर्नुपर्यो, यसमा हामी पनि अछुतो रहेनौं, हामी अत्यन्त दुखी छौं ।

यस आर्थिक वर्षको सुरुवातदेखि निर्यातमा देखिएको वृद्धिले मुलुकको अर्थतन्त्रमा केहि सुधारको संकेत देखा पर्दै गर्दा आकस्मिक रुपमा भएको Gen Z आन्दोलनले हाम्रासामु थप चुनौती खडा गरेको छ । उक्त आन्दोलनका क्रममा भएका तोडफोड र आगजनीका घटनाले गर्दा मुलुकले ठूलो आर्थिक क्षति व्यहोर्नु परेको छ । यद्यपि सुशासनको एजेण्डाका साथ भएको आन्दोलनले सकारात्मक परिवर्तनको संकेत पनि गरेको छ । राजनीतिक उथलपुथलका बाबजुत हामी नेपालीहरू एकजुट भई पुनःनिर्माण र आर्थिक उन्नतिमा केन्द्रित हुनुपर्ने अहिलेको आवश्यकता हो ।

हाल बैंक तथा वित्तीय संस्थाहरूमा अपेक्षाकृत रुपमा कर्जाको मागमा वृद्धि हुन सकिरहेको छैन र बैंकहरूमा उच्च तरलताको समस्या यथावत नै छ । यसबाट हाम्रो बैंक पनि अछुतो रहन सकेको छैन । यही भदौ मसान्तसम्मको तथ्यांक अनुसार बैंकको कर्जा-निक्षेप अनुपात CD Ratio ६१ प्रतिशत रहेको छ जसले बैंकमा प्रशस्त मात्रामा लगानीयोग्य रकम रहेको प्रष्ट पार्छ । अतः हामीहरू बैंकको कर्जा लगानी वृद्धि गर्न सावधानीका साथ आक्रामक किसिमले लाग्नुपर्छ । हामीले चाडपर्व लक्षित अफरहरू पनि सार्वजनिक गरिसकेका छौं । घर तथा गाडी किन्न ईच्छुक ग्राहकहरूलाई लक्षित गरी ल्याईएका यी Products मार्फत कर्जा विस्तारमा केहि टेवा पुग्ने हाम्रो अपेक्षा छ । यस बाहेक हामीले उत्पादनशील क्षेत्रहरूको पहिचान गरी कर्जा लगानी विस्तार गर्नुपर्छ ।

कर्मचारी मित्रहरू, मुलुकको बदलिँदो परिस्थितिमा हामीले सुरक्षालाई पहिलो प्राथमिकतामा राख्दै चुस्त सेवा प्रवाह गर्नुपर्ने हुन्छ । भरसक सेवा प्रवाहमा कुनै समस्या आउन नदिन हामी बीचमा निरन्तर सम्पर्क र समन्वय हुनु आवश्यक छ । शाखा कार्यालयमा प्राप्त हुन आउने गुनासालाई यथाशीघ्र सम्बोधन गर्ने प्रयास हामीले गर्नुपर्छ । शाखाबाट सम्बोधन हुन नसक्ने विषयहरूमा बैंकको प्रादेशिक कार्यालय, केन्द्रिय कार्यालय तथा उच्च व्यवस्थापनबाट आवश्यक भूमिका निर्वाह हुनेनैछ । चाडबाडको समयमा कतिपय शाखाहरूमा सेवाग्राहीहरूको चाप अरु समयमा भन्दा बढी हुने हुँदा हामीले सोही अनुसार सेवा प्रवाह र व्यवसाय विस्तारमा खटिनुपर्नेछ । विभिन्न चुनौतीका बाबजुत हामीले प्रथम त्रैमासका लागि तय गरिएका लक्ष्यहरू हासिल गर्ने प्रयत्न गर्नुपर्छ । हाम्रो बैंकप्रती लाखौं ग्राहकहरूले दर्शाउनुभएको माया र सदभावको हामी उच्च सम्मान गर्दछौं ।

अन्त्यमा, सम्मुखमा रहेको नेपालीहरूको महान चाड बडा दशैंको शुभ अवसरमा यसै सन्देश मार्फत सम्पूर्ण सेवाग्राही, निक्षेपकर्ता, कर्जा ग्राहक, शेयरधनी, कार्यरत कर्मचारी लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको कामना सहित बैंक परिवारको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । धन्यवाद ! ■

# गभर्नरद्वारा नयाँ बानेश्वर शाखाको अवलोकन



**भदौ २९, काठमाडौं**

नेपाल राष्ट्र बैंकका गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले आइतबार राष्ट्रिय वाणिज्य बैंकको नयाँ बानेश्वर शाखाको अवलोकन गर्नुभई त्यहाँ जेन्जी आन्दोलनका क्रममा भएको क्षतिको अवस्थाबारे जानकारी लिनुभयो । उक्त समयमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्र, राष्ट्रिय वाणिज्य बैंकका सञ्चालक समितिका अध्यक्ष देवकुमार ढकाल, प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनाल, उपकार्यकारी अधिकृत पवन रेग्मी र ब्राञ्च अपरेसन विभागका विभागीय प्रमुख आनन्द सुवेदीको उपस्थिति रहेको थियो । ■

# नेपालगञ्जमा सरकारी कारोबार सम्बन्धी तालिम सम्पन्न



**काठमाडौं, ४ भदौ**

राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्मचारीहरूलाई सरकारी कारोबार सम्बन्धी तालिम सञ्चालन गरिएको छ । भदौ ३ र ४ गते नेपालगञ्जमा सञ्चालन गरिएको उक्त तालिममा कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेश अन्तर्गतका विभिन्न शाखा कार्यालयहरूमा कार्यरत ८४ जना कर्मचारीको सहभागीता रहेको थियो । ■

## हार्दिक श्रद्धाञ्जली

हालै भएको Gen Z आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्नु भएका सम्पूर्ण वीर शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । दिवंगत आत्माहरूको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थना गर्दछौं । उक्त आन्दोलनमा घाइते हुनुभएका सबैजनाको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

# रा.वा. बैंक कर्मचारी संघ नेपालको तिज विशेष शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न




**काठमाडौं, ६ भदौ**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रिय महिला विभागको आयोजनामा तिज विशेष शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ। राष्ट्रिय वाणिज्य बैंक सिकाई तथा विकास विभाग दरबारमार्गमा सम्पन्न कार्यक्रमको अध्यक्षता राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघका उपाध्यक्ष तथा केन्द्रिय महिला विभाग प्रमुख लक्ष्मी ज्ञवालीले गर्नुभएको थियो भने कार्यक्रमको प्रमुख अतिथिमा राष्ट्रिय सभा सदस्य अखिल नेपाल महिला संघ उपाध्यक्ष तथा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघका पूर्व सचिव सुमित्रा बि.सी. रहनु भएको थियो।

उक्त अवसरमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनाल, नायब प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाद लोहनी, बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ बिफु नेपालका उपमहासचिव तथा महिला विभाग प्रमुख अन्जली भट्टराई, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मी प्रसाद पाण्डेय लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत, बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरू, उपकार्यकारी अधिकृतहरू, विभागीय प्रमुखहरू, उपप्रमुखहरू, शाखा प्रबन्धकहरू, बैंकका पूर्व कर्मचारीहरू, संघका पदाधिकारीहरू लगायत कर्मचारीहरू सहित तीन सय ५० जनाको उपस्थिति रहेको थियो।

संघका सचिव तथा महिला विभाग उपप्रमुख उषा दुलालले स्वागत मन्तव्य राख्नु भएको उक्त कार्यक्रमको संचालन महिला विभाग सचिव भावना शर्माले गर्नुभएको थियो भने कार्यक्रमको समापन संघका उपाध्यक्ष तथा केन्द्रिय महिला विभाग प्रमुख लक्ष्मी ज्ञवालीले गर्नुभएको थियो ।




# नेपाल राष्ट्रिय कर्मचारी संगठनको तिज विशेष कार्यक्रम सम्पन्न

**काठमाडौं, १ भदौ**

नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक घिमिरेले गर्नुभएको थियो। उक्त अवसरमा बैंक, बीमा तथा वित्तीय संस्था राष्ट्रिय समितिका देवी कला



लिमिटेडको तिज विशेष शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ। संगठनका कोषाध्यक्ष नहसला तुलाधरको अध्यक्षतामा काठमाडौंमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता नेपाल राष्ट्रिय कर्मचारी महासंघका रमा शर्मा, संगठनका अध्यक्ष दिपेन्द्र कार्की, सचिवालय सदस्य बिना नेपाली लगायतले शुभकामना मन्तव्य राख्नु भएको थियो। एन्जिला कोइरालाले संचालन गर्नुभएको उक्त कार्यक्रममा रन्जना गिरीले स्वागत मन्तव्य राख्नु भएको थियो ।

# विविध विषयमा तालिम सम्पन्न



**काठमाडौं, २३ भदौ**

राष्ट्रिय वाणिज्य बैंकद्वारा कर्मचारीहरूलाई Data Entry, CIC Validation & Error Rectification विषयमा तालिम प्रदान गरिएको छ। दरबारमार्ग स्थित बैंकको तालिम तथा विकास विभागको हलमा भदौ २२ र २३ गते सम्पन्न उक्त तालिममा सातवटै प्रादेशिक कार्यालयहरूका CIC Focal सहित बागमती प्रदेश अन्तर्गतका विभिन्न शाखा कार्यालयहरूमा कार्यरत गरी कुल ५२ जना कर्मचारीको सहभागीता रहेको थियो। यसअघि सोही विषयको तालिम भदौ २० गते अनलाइन जुम मार्फत सम्बन्धित कर्मचारीहरूलाई प्रदान गरिएको थियो।

त्यसैगरी बैंकद्वारा Operation Related Issues, Employee Ethics, Customer Relationship Management, Compliance (STR, TTR) लगायतका विषयवस्तुमा तालिम प्रदान गरिएको छ। भदौ १६ र १७ गते दरबारमार्ग स्थित बैंकको तालिम तथा विकास विभागको हलमा सम्पन्न उक्त विषयको तालिममा बागमती प्रदेश अन्तर्गतका विभिन्न शाखा कार्यालयहरूमा कार्यरत गरी ३९ जना कर्मचारीको सहभागीता रहेको थियो भने भदौ २० र २१ गते बुटवल स्थित ड्रिम इन्टरनेशनल होटेलमा सम्पन्न तालिममा लुम्बिनी तथा कर्णाली प्रदेश अन्तर्गतका विभिन्न शाखा कार्यालयहरूमा कार्यरत ७५ जना कर्मचारीको सहभागीता रहेको थियो ।

त्यसैगरी बैंकद्वारा विभिन्न विभागमा कार्यरत कर्मचारीहरूलाई Cost Management Control, Employee Ethics, Procurement, VAT/TAX लगायतका विषयवस्तुमा तालिम प्रदान गरिएको छ। भदौ १९ मा सम्पन्न उक्त तालिममा २७ जना कर्मचारीको सहभागिता रहेको थियो ।

# मुख्य प्रबन्धक तथा प्रबन्धकहरू वैदेशिक तालिममा सहभागी




मुख्य प्रबन्धकहरू तालिमको क्रममा इन्डोनेसियामा




प्रबन्धकहरू तालिमको क्रममा थाइल्याण्डमा

**काठमाडौं, २९ भदौ**

राष्ट्रिय वाणिज्य बैंकका मुख्य प्रबन्धकहरू "Embarking on the Digital Path : Understanding the Immersive Environment" विषयक अन्तर्राष्ट्रिय स्तरको तालिममा सहभागी हुनुभयो। Ascent Consultancy Services ले सेप्टेम्बर १ देखि ४ तारिखमा ईण्डोनेसियाको जाकर्ता र बालीमा सञ्चालन गरेको उक्त तालिममा बैंकका नौ जना मुख्य प्रबन्धकहरूको सहभागिता रहेको थियो। सहभागी हुनुहुनेमा ध्रुव प्रसाद अर्याल, सोनी श्रेष्ठ, संदीप जंग कार्की, प्रमोद अधिकारी, शिव प्रसाद चालीसे, पुष्पचन्द्र थापा, अच्युत गौतम, संजय कुमार श्रेष्ठ र दिनेश गौतम हुनुहुन्थ्यो।

त्यसैगरी बैंकका प्रबन्धकहरू "Transformational Leadership & Management for Banks and Financial Institutions" विषयक अन्तर्राष्ट्रिय स्तरको तालिममा सहभागी हुनुभयो। Banking Finance & Insurance Institute of Nepal (BFIN) ले सेप्टेम्बर ९ देखि १२ तारिखमा थाइल्याण्डको राजधानी बैंककमा आयोजना गरेको उक्त कार्यक्रममा बैंकका १४ जना प्रबन्धकहरूको सहभागिता रहेको थियो। सहभागी हुनुहुनेमा सृजना बज्राचार्य, ईश्वरी प्रसाद ढुंगेल, शिरोमणी बराल, सुमन आचार्य, नविन राज पौडेल, रोम प्रसाद सिलवाल र कपिल कार्की हुनुहुन्थ्यो। यसैगरी अन्य सहभागीहरूमा गोपाल आचार्य, कल्पना गिरी, दुर्गादेवी तिमिल्सिना, राजु काफ्ले, ओमा सिवाकोटी, कुमारी रेनुका सिंह राजवंशी र सुजाता शर्मा हुनुहुन्थ्यो। ■

## हार्दिक श्रद्धाञ्जली



जन्म :
वि.सं. २०२८/१२/२५

निधन :
वि.सं. २०८२/०३/२१

**स्व. भीम प्रकाश मल्ल**

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गुलरियामा कार्यरत सहायक शाखा प्रबन्धक भीम प्रकाश मल्ल (१०८३१) को मिति २०८२ असार २१ गते असामयीक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना सहित परिवारजन प्रति समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK ...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

## हार्दिक समवेदना

यस बैंकका शाखा कार्यालय डडेलधुरामा कार्यरत शाखा सहायक प्रबन्धक कविता रावल (१३९९३) का ससुरा बम बहादुर भण्डारी, शाखा कार्यालय थापाथलीमा कार्यरत वरिष्ठ सहायक विष्णु कुमारी शाही (१०९७७) का पिता कल विर शाही, शाखा कार्यालय गौरमा कार्यरत वरिष्ठ सहायक सर्वदेव सिंह (१३५८४) का पिता रामध्यान राउत कुर्मी र शाखा कार्यालय दार्चुलामा कार्यरत सुरक्षा गार्ड केशव बहादुर चन्द (११२६१) की आमा कुमारी देवी चन्दको केहि पहिले निधन भएकोमा दिवंगत आत्माहरूको चिर शान्तीको कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK ...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

*प्रकाशक*
**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फो नः ०१-५७२१२२०, Ext. २४२३
इमेल : rbbnl@rbb.com.np
वेबसाइट: www.rbb.com.np

*प्रमुख सल्लाहकार*
**देवेन्द्र रमण खनाल**
*प्रमुख कार्यकारी अधिकृत*

*सह-सम्पादक*
**रुद्रप्रसाद अधिकारी**

*सल्लाहकार*
**पवन रेग्मी**
*उप-कार्यकारी अधिकृत तथा सूचना अधिकारी*

*डिजाइन*
**यदु उपाध्याय**